नेपाल सरकार
शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको

## सबै जि.शि.का.हरुलाई अत्यन्त जरुरी सूचना

आयोगको वि.नं २१, २२/०६८/६९ को क्रमश: माध्यमिक तथा निम्नमाध्यमिक तह अध्यापन अनुमतिपत्रका लागि भएको विज्ञापनहरुमा ट्रान्सक्रिप्ट पेश गरेपछि प्रवेश पत्र उपलब्ध गराउने गरी मार्कसिट र सर्टिफिकेट (प्रमाणपत्र) पेश गरेमा दरखास्त लिने भन्ने पूर्व सूचना गरिएकोमा कतिपय उम्मेदवारहरुले हालसम्म पनि ट्रान्सक्रिप्ट पेश नगरेको पाइएकोले शिक्षक सेवा आयोग र उच्च माध्यमिक शिक्षा परिषद्संग भएको परामर्श समेतका आधारमा निम्नानुसार गर्नु गराउनु हुन आयोगको मिति २०६८।११।१४ को निर्णयानुसार अनुरोध छ ।

१. हालसम्म पनि ट्रान्सक्रिप्ट पेश गर्न नसकेका उम्मेदवारहरुले २०६८ चैत्र मसान्त भित्रमा ट्रान्सक्रिप्ट पेश गर्ने अन्यथा रिजल्ट रद्द गरेमा आफूलाई मञ्जुर हुने कबुलियतनामा गरेमा प्रवेशपत्र दिई परीक्षामा सहभागी गराउनु हुन ।
२. २०६८ चैत्र मसान्त सम्म ट्रान्सक्रिप्ट पेश नगर्ने उम्मेदवारहरुको नाम र रो.नं. सहितको अलग्गै विवरण तयार गरी २०६९ बैशाख १५ गते भित्र शिक्षक सेवा आयोगमा पठाउनु हुन ।

नेपाल सरकार
शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको

## अपिल

शिक्षक सेवा आयोग गुणस्तरीय शिक्षाका लागि सक्षमतामा आधारित शिक्षक छनौट गर्ने दूरदृष्टि अनुरुप शिक्षक व्यवस्थापनमा विगत एकदशक देखि क्रियाशिल संस्था हो ।

यसै सन्दर्भमा आयोगले गत मसिंर महिनामा गरेको स्थायी अध्यापन अनुमतिपत्रको विज्ञापन अन्तर्गत माध्यमिक तहको परीक्षा यही फाल्गुन १९ गते र निम्नमाध्यमिक तहको परीक्षा २० गते संचालन हुदैछ भने गत आषाढ महिनामा गरेको आन्तरिक प्रतियोगितात्मक परीक्षाका आधारमा शिक्षक बढुवाको विज्ञापनको लिखित परीक्षा यही मिति २०६८ फाल्गुन २१ गते संचालन हुदैछ । दक्ष, प्रतिबद्ध, लगनशिल र गुणस्तरीय जनशक्ति छनौटका सन्दर्भमा परीक्षा प्रणालीको अहम् भूमिका रहने हुँदा सम्बन्धित जिल्ला सदरमुकाममा संचालन हुने उक्त परीक्षाहरुलाई नियमित, मर्यादित र व्यवस्थित रुपमा संचालन गर्ने कार्यमा आ-आफ्नो स्थानबाट आवश्यक सहयोग पुऱ्याइदिनु हुनका लागि सम्पूर्ण राजनीतिक दल, शिक्षकका पेशागत संघसस्थाहरु, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी संघ संगठन, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी लगायत आमसरोकारवालाहरुमा शिक्षक सेवा आयोग हार्दिक अपिल गर्दछ ।